# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०७।३० गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैया, बाराका निमित्त डिभिजन प्रमुखसमेतले बोलपत्रको सूचना नै प्रकाशन नगरी मिलेमतोमा ठेक्का लगाई अनियमितता गरेको भन्ने समेत व्यहोराको प्राप्त उजुरी सम्बन्धमा अनुसन्धान हुँदा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैया, बाराबाट आ.व. २०७९/०८० को स्वीकृत बजेट अनुसार बारा जिल्ला अन्तर्गत बिभिन्न निर्माण कार्यको लागि २३ वटा बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (१) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैया, बाराका तत्कालीन निमित्त डिभिजन प्रमुख किशोरी प्रसाद यादव, लेखापाल प्रदिप दास, सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि.का प्रबन्धक निसान्त सिग्देल र प्रभाव दैनिकका बजार प्रबन्धक सन्तोषराज खरेल समेतको आपसी मिलोमतो तथा योजनामा आफूहरुलाई गैरकानूनी लाभ तथा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई हानि पुऱ्याउने बदनियतले उक्त बोलपत्र आह्वानको सूचना लुकाई छिपाई, सार्वजनिक रूपमा प्रकाशन नगरी नगराई ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी प्रभाव दैनिक पत्रिकाको एक प्रति मात्र प्रकाशित गरी उक्त मिति २०७९/११/२१ गतेको बोलपत्र आह्वानको सूचना खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डिभिजन नं. ४ कलैया, बारामा पेश गरी गराई सूचना विवरण लुकाउने दुषित मनसाय साथ सार्वजनिक तवरमा वितरण प्रयोजनार्थ प्रकाशित नै नगरेको प्रभाव दैनिक पत्रिकाको सक्कल भनिएको पत्रिकाको प्रतिसमेत साथै राखी झुट्टा बिल भरपाई लगायतका कागजातहरुको आधारमा रु.३,१६,५७०।- (तीन लाख सोह्र हजार पाँच सय सत्तरी रुपैयाँ) (अग्रीम कर बाहेक) सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि.लाई भुक्तानी भएको र सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि.को बैंक खाताबाट रु.५०,०००।— (पचास हजार रुपैयाँ) प्रभाव दैनिक प्रा.लि.का बजार प्रबन्धक सन्तोषराज खरेल समेतले भुक्तानी लिएकोसमेत देखिएको, प्रेस काउन्सिल नेपाल तथा प्रभाव पब्लिकेसन प्रा.लि.को प्राप्त पत्रबाट प्रभाव दैनिक पत्रिकाको मिति २०७९ फागुन २१ गते आईतबारको सक्कल प्रतिको कुनै पनि पृष्ठमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैया, बाराको २३ वटा ठेक्काको बोलपत्रको सूचना प्रकाशित भएको नदेखिएको भनी उल्लेख भएबाट उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर भएकोले निज प्रतिवादीहरुलाई देहाय बमोजिमको कसूरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैया, बाराका तत्कालीन निमित्त डिभिजन प्रमुख **किशोरी प्रसाद यादव** र लेखापाल **प्रदिप दास** | रु.३,१६,५७०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. तीन लाख सोह्र हजार पाँच सय सत्तरी रुपैयाँ (अग्रीम कर बाहेक) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | **सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि.** तथा उक्त कम्पनीको प्रबन्धक **निसान्त सिग्देल** | रु.३,१६,५७०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेकोले मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो रु. तीन लाख सोह्र हजार पाँच सय सत्तरी रुपैयाँ असूल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | प्रभाव पब्लिकेशन प्रा.लि.को बजार प्रबन्धक **सन्तोषराज खरेल** | रु.३,१६,५७०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी बिगो रु. तीन लाख सोह्र हजार पाँच सय सत्तरी रुपैयाँ असूल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल